nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

22°C । वर्ष :११, अंक : ७८ पृष्ठ ४ । बिहीबार,०४ मंसिर २०८२ । THURSDAY, NOVEMBER 20, 2025.nepalpostdaily.com । मुल्य ५ रुपैंया

## बारामा तनाव बढ्यो : आक्रोशित समूहद्वारा सिमरा विमानस्थलको गेट भत्काइयो

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज, ०३ मंसिर ।***

नेकपा एमालेका कार्यकर्ताहरुसँग झडप भएपछि आक्रोशित समूहले बाराको सिमरा विमानस्थलको गेट तोडेको छ । केही युवाहरु विमानस्थलको मुख्य प्रवेशद्वारमा रहेको फलामको गेट फुटाएका हुन् । स्थलको मुख्य गेटमा दुई जना मात्र प्रहरी तैनाथ थिए । युवाहरुले विमानस्थलको गेट धकेल्न थालेपछि ती प्रहरीहरुले रोक्न खोजेका थिए । तर प्रहरीहरुले सकेनन् । गेट भाँचिएर प्रहरीकै माथि खसेको थियो । त्यसपछि केही युवाहरु भित्र छिरेका थिए । तर केहीबेरमै उनीहरुलाई प्रहरीले



बाहिर निकालेको थियो । बाराको परवानीपुरमा आज आयोजित युवा संघको कार्यक्रममा सहभागी हुन नेकपा एमालेका महासचिव शंकर पोखरेल, महेश बस्नेतसहितको टोली बारा जाँदै छ । नेताहरु बारा नपुग्दै स्थानीय युवा र एमाले कार्यकर्ताहरुबीच सिमरा बजारमा झडप भएको थियो । त्यसपछि आक्रोशि समूह एमाले नेताहरु विमानस्थल आउन लागेको सूचना पाएपछि आक्रोशित केही युवाहरु विमानस्थलको गेट फुटाउँदै भित्र

बाँकी तेश्रो पृष्ठमा⇨

## कर्फ्यूका बाबजुद परवानीपुरमा एमालेको प्रदेश भेला जारी

**नेपाल पोष्ट संवदाता**


***बीरगन्ज, ०३ मंसिर ।***

प्रशासनले कर्फ्यू आदेश जारी गरेको बाबजुद एमालेको प्रदेश भेला परवानीपुरमा जारी रहेको छ । एमालेका महासचिव शंकर पोखरेलले उद्घाटन गर्ने कार्यक्रम तय भए पनि, सिमरामा उत्पन्न तनावका कारण कार्यक्रम सामान्य रूपमा सञ्चालन हुने तयारी भइरहेको एमाले नेता किसान श्रेष्ठले जानकारी दिए । जनप्रदर्शन भने स्थगित गरिएको छ । सिमरा विमानस्थलमा जेन-जी प्रदर्शनको विरोधका कारण जहाज उड्न नसकेपछि नेताहरू काठमाडौंमै रोकिएका छन् । जनप्रदर्शनका लागि विभिन्न स्थानबाट आउँदै गरेका एमाले कार्यकर्ता, समर्थक र शुभचिन्तक कर्फ्यूको कारण बाटैमा




रोकिएका छन् । श्रेष्ठका अनुसार, 'पाँच हजार मान्छे बाटैमा छन्, उनीहरूलाई फर्किन भनिएको छ ।' यद्यपि परवानीपुरस्थित डीएभी स्कुल र चयनपुरको चौरमा निर्धारित भेला स्थलमा दुई हजारभन्दा बढी सहभागी भेला भइसकेका छन् । आइसकेका कार्यकर्तालाई सम्बोधन गरिने र कार्यक्रम सम्पन्न गरिने तयारी भइरहेको नेता श्रेष्ठले बताए । भेलामा मधेशका आठ वटै जिल्लाबाट एक हजारभन्दा बढी सहभागी भएका छन् । मुख्य सडक नजिकै भएको भेला स्थलमा सुरक्षा र सतर्कता अपनाउँदै कार्यक्रम सञ्चालन गरिने जनाइएको छ ।

## ३७ लाख मूल्य बराबरको सुनचाँदीसहित चार जना पक्राउ



**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज, ०३ मंसिर ।***

बीरगन्ज प्रहरीले करिब ३७ लाख रुपैयाँ मूल्य बराबरको चोरी गरिएको सुनचाँदीका गहनासहित चार जनालाई पक्राउ गरेको छ । पक्राउ परेकामा तीन भारतीय र एक नेपाली रहेका छन् । पक्राउ पर्नेमा भारतको बिहार, बेतिया जिल्लाका ३३ वर्षीय विजय राय, ६० वर्षीय शेख बुनाद, ३१ वर्षीय विनोद राउत र पर्सा, वीरगन्ज महानगरपालिका-३२ का २० वर्षीय विद्याकुमार नट रहेका छन् । पुलिसका अनुसार, गत कात्तिक ३० गते स्कुटी रोक्दा शेख बुनादको पाइन्टको खल्तीबाट बिलबिना सुनका केही गहना फेला परेपछि उनलाई नियन्त्रणमा लिइएको थियो । शेखको बयानका आधारमा नटको घरमा खानतलासी गर्दा ३६ लाख ७० हजार रुपैयाँ मूल्य बराबरका सुनचाँदीका गहना बरामद गरिएको हो । बरामद सामानमा सिक्री, झुम्का, नथिया, मांगटीका, चाँदीका पाउजु र सिक्का, सुनको बिछिया, तराजु लगायतका विभिन्न गहना छन् । यसबाहेक नेपाली ३ लाख ७९ हजार र भारतीय ९ हजार २०० रुपैयाँ नगद पनि फेला परेको छ । प्रहरीको अनुमानअनुसार, यी गहनाहरू पर्सा र बाराका विभिन्न मेलामेला, उत्सव र चाडपर्वका भीडभाडबाट चोरी गरिएका हुन सक्ने देखिन्छ ।पक्राउ परेकाहरूलाई चोरी तथा डाँका सम्बन्धी मुद्दामा पर्सा जिल्ला अदालतले ५ दिन म्याद थप गरेको छ र थप अनुसन्धान जारी छ ।

## १० लाखभन्दा बढी रुपैयाँसहित एक जनालाई पक्राउ

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज, ०३ मंसिर ।***

बारामा सशस्त्र प्रहरीले श्रोत नखुलेको १० लाख ८० हजार रुपैयाँसहित एक जनालाई पक्राउ गरेको छ । बरैनियास्थित सशस्त्र प्रहरी बोर्डर आउटपोष्टबाट खटिएको टोलीले बिश्रामपुर गाउँपालिका-४ बलिरामपुर स्थित नेपाल-भारत सीमा क्षेत्रमा उक्त व्यक्ति पक्राउ गरेको हो । प्रहरीले अहिले पक्राउ परेका व्यक्तिको नाम सार्वजनिक गरेको छैन । सशस्त्र प्रहरी निरीक्षक सन्दीप केसीको नेतृत्वमा खटिएको टोलीले भारततर्फबाट नेपाल प्रवेश गर्ने क्रममा लु. ४ प ६४६२ नम्बरको मोटरसाइकल रोकेर चेकजाँच गर्दा



मोटरसाइकलभित्र लुकाइएको श्रोत नखुलेको रकम बरामद भएको हो । बरामद रकम र मोटरसाइकलसहित ती व्यक्तिलाई आवश्यक कारबाहीका लागि वीरगञ्ज भन्सार कार्यालयमा बुझाइएको बाराका सशस्त्र प्रहरी उपरीक्षक खुमबहादुर केसीले जानकारी दिनुभयो ।

## कर्फ्यू उल्लङ्घन गर्दै सिमरा बजारमा जेनजी युवाहरूको प्रदर्शन

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज, ०३ मंसिर ।***

बाराको सिमरा बजार क्षेत्रमा स्थानीय प्रशासनले जारी गरेको कर्फ्यू उल्लङ्घन गर्दै जेनजी युवाहरूले बुधबार प्रदर्शन गरेका छन् । प्रशासन कार्यालय बाराले नेकपा एमालेका नेता-कार्यकर्ता र जेनजी युवाबीचको तनावको सम्भावित जोखिमलाई ध्यानमा राख्दै गण्डक नहरदेखि पथलैया सडकखण्डसम्म र सिमरा विमानस्थल वरिपरि ५००-५०० मिटर क्षेत्रमा १२:३० बजे देखि राति ८ बजेसम्म सबै भेला, जुलुस, सभा, बैठक, घेराउ



र प्रदर्शन निषेध गरेको थियो । तर मुख्य बजार क्षेत्रमा ठूलो संख्यामा उपस्थित युवाहरूले नारावाजीसहित प्रदर्शन जारी राखे । सुरक्षाकर्मीहरूले माइकिङ गर्दै उनीहरूलाई आ-आफ्ना घर फर्कन अनुरोध गरे । बुधबार बिहानै, बाराको मुख्य बजार क्षेत्रमा एमाले कार्यकर्ताले जेनजी अगुवा सम्राट उपाध्यायमाथि हातपात

बाँकी तेश्रो पृष्ठमा⇨

महिला हिंसा अन्त्य गरौं ।

❖महिला हिंसा जहाँसुकै र जो सुकैबाट पनि हुन सक्छ, सचेत होऔं,
❖महिलामाथि शारीरिक, मानसिक, आर्थिक र सामाजिक रुपमा हिंसा हुन सक्छ,
❖कुनै प्रकारको हिंसा भएमा उजागर गर्ने हिम्मत गरौं,
❖हिंसामा परे तत्काल कानूनी सहायता लिऔं,
❖कानूनी सहायता र सहयोगका लागि महिला हेल्पलाइन (११४५) मा सम्पर्क गरौं,
❖घर–परिवार, विद्यालय, कार्यालय र समाजमा समान व्यवहार गरौं,
❖महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
❖हिंसामुक्त घर तथा समाज निर्माणमा जिम्मेवार होऔं,
❖ महिला हिंसा विरुद्ध शून्य सहनशीलता अपनाऔं।

**महिला हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## मधेस सरकार गठन मुद्दामा मंसिर ११ गते अन्तिम सुनुवाइ हुने

***जनकपुर, ०३ मंसिर ।***

मधेस प्रदेश सरकार गठन विवादको विषयमा सर्वोच्च अदालतले आउँदो मंसिर ११ गते अन्तिम सुनुवाइ गर्ने निर्णय गरेको छ । न्यायाधीश नहकुल सुवेदी र सुनिलकुमार पोखरेलको संयुक्त इजलासले विपक्षी पक्षहरूलाई त्यही मितिभित्र लिखित जवाफ बुझाउन आदेश दिँदै उक्त दिन मुद्दालाई अन्तिम टुंगोमा लैजाने तयारी गरेको हो । मधेस प्रदेश सभाका ७४ सांसदहरूले संविधानको धारा १६८(३) अनुसार सरोजकुमार यादवलाई मुख्यमन्त्री नियुक्त गरेको प्रदेश प्रमुखको निर्णयविरुद्ध सर्वोच्चमा रिट दायर गरेका थिए । उनीहरूले सरकार गठन प्रक्रिया संविधान विपरीत भएको दाबी गर्दै हस्तक्षेपको माग गरेका छन् । यसैबीच, सर्वोच्च अदालतले मुद्दा निरूपण नभएसम्म मुख्यमन्त्री सरोज यादवलाई




नीतिगत तथा दीर्घकालीन प्रभाव पर्ने निर्णय नगर्न आदेश जारी गरेको छ । अदालतले विश्वासको मत लिने प्रक्रिया पूरा नभइसकेको अवस्थामा र विभिन्न उपधाराहरूअनुसार दाबी गरिएका वैधानिक विवाद समाधान नभएसम्म सरकार पक्षले संवैधानिक र संसदीय मूल्यविपरीत कुनै कदम चाल्न नपाउने स्पष्ट गरेको छ । सर्वोच्चले जारी गरेको अन्तरिम आदेशमा भनिएको छ कि संसद्मा उत्पन्न संवैधानिक जटिलता तथा पारदर्शिता सम्बन्धी प्रश्न गम्भीर देखिएकाले मिति २०८२/०७/२३ मा गठन भएको भनिएको मन्त्रिपरिषद्ले कुनै पनि दीर्घकालीन नीति वा प्रभाव पार्ने निर्णय नगर्न र नगराउनू भन्ने आदेश विपक्षीहरूलाई गरिएको छ । मधेस प्रदेशको राजनीतिक स्थिरता र सरकार गठन प्रक्रियाको वैधानिकता अब मंसिर ११ गते हुने निर्णायक सुनुवाइपछि मात्र स्पष्ट हुने देखिन्छ ।

## ओलीको आपत्ति: सभा नदिनेले चुनाव कसरी गर्छ?

***काठमाडौं, ०३ मंसिर ।***

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सभा गर्न नदिने सरकारले चुनाव गर्ने भनेर विश्वास गर्न नसकिने टिप्पणी गरेका छन् । एमालेको स्थानीय विकास विभागको आयोजनामा बुधबार काठमाडौंमा आयोजित भेलालाई सम्बोधन गर्दै ओलीले बाराको सिमरामा भएको अवरोधलाई लक्षित गर्दै यस्तो कुरा राखेका हुन् । उनले भने, "बारामा हाम्रो युवा भेला थियो । सिमरा एयरपोर्ट बन्द भयो, हाम्रा नेताहरू जान सकेनन् । एयरपोर्टमा तोडफोड भयो । ५०-६० जना मानिस आएर ढुंगामुढा गरेर एयरपोर्ट बन्द गराइदिने र चुनाव गर्ने? सभा गर्न नदिनेले चुनाव कसरी गर्छ?" ओलीको यो अभिव्यक्ति सिमरामा जेनजी समूहले गरेको प्रदर्शन र एमाले कार्यक्रममा



भएको अवरोधप्रति प्रतिवादस्वरूप आएको हो ।

## नेपाल पोष्ट डेलीका लागि

| | |
|---|---|
| प्रकाशक | :- नेपाल पोष्ट मिडिया प्रा.लि. |
| सम्पादक | :- मनोज पटेल |
| कार्यकारी सम्पादक | :- संतोष साह |
| सह-सम्पादक | :- सरोज पटेल |
| सम्पर्क कार्यालय | :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल |
| मुद्रक | :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा |

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


## सम्पादकीय

### सुशासनमाथि उठेका प्रश्नको जवाफ देऊ

सुशासनको प्रत्याभूति दिलाउने र आमचुनाव गराएर सत्ता हस्तान्तरण गर्ने म्यान्डेटसहित बनेको अन्तरिम सरकारमाथि प्रश्न उठ्न थालेका छन् । सरकारका तीन मन्त्री विवादमा तानिएका छन् भने महान्यायाधिवक्ता सविता भण्डारीका कारण प्रधानमन्त्री सुशीला कार्की स्वयंमाथि नैतिक प्रश्न उठेको छ । महान्यायाधिवक्ता भण्डारीले डिम्ब तस्करीसम्बन्धी कसुरमा आफ्नोसमेत लगानी रहेको कम्पनीलाई उन्मुक्ति दिलाएको खुलासा हुँदासमेत प्रधानमन्त्री कार्कीले उनलाई हटाएकी छैनन् । होप फर्टिलिटीले अबैध रुपमा किशोरीहरूबाट डिम्ब निकालेर बेच्ने गरेको प्रहरी अनुसन्धानबाट पुष्टि भइसक्दा पनि महान्यायाधिवक्ताको कार्यालयले मुद्दा नचलाउने निर्णय गऱ्यो । यति गम्भीर विवाद बाहिरिँदासमेत प्रधानमन्त्री कार्की मौन बस्नु अशोभनीय छ । सरकारका दुई मन्त्री ऊर्जामन्त्री कुलमान घिसिङ र अर्थमन्त्री रामेश्वर खनालमाथि पनि त्यस्तै गम्भीर प्रश्न उठेका छन् । घिसिङ र विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक मनोज सिलवालको लापरबाहीका कारण भारतको कम्पनी पिटिसी इन्डियासँगको विद्युत् सम्झौतामा ४३ करोडको नोक्सानी भएको आरोप लागेको छ । जेनजी समूहलगायत नागरिकस्तरबाट पनि विद्युत् सम्झौता सार्वजनिक गर्न आवाज उठिरहेको छ । त्यस्तै, अर्थमन्त्री खनालको डोल्मा इम्प्याक्टलाई कर छुट दिने निर्णय पनि विवादमा परेको छ । यसअघि एनसेलको कर छुट विवादमा पुँजीगत लाभकर लाग्ने टुंगो लागिसकेको थियो । त्यतिबेला कर लगाउन लबिङ गरेका खनाल स्वयं अर्थमन्त्री भएका बेला विवादास्पद निर्णय गराउन खोजेको देखिन्छ । मन्त्रिपरिषद्को सो निर्णय प्रमाणीकरण नभई रोकेर त्यसबारे कानुन मन्त्रालयसँग राय मागिएको छ । निर्णय गरिसकेपछि राय खोज्ने यस्तो तरिका अन्तरिम सरकारको अपरिपक्वता हो । यी तीन प्रकरणले अन्तरिम सरकारको सुशासनमाथि नै प्रश्न उठाइदिएको छ । कतिपय जेनजी समूहले नै मन्त्रीहरुको राजीनामा माग्न थालेका छन् । अन्तरिम सरकारको मुख्य काम २१ फागुनमा आमचुनाव गराउनु हो । तर भ्रष्टाचार, बेथिति र कुशासनबाट वाक्कदिक्क भएका आमनागरिकले प्रत्याभूत हुनेगरी देशलाई सुशासनमा ल्याउनु पनि हो । अघिल्ला सरकारका भ्रष्टाचार काण्डहरुको गहिरो र निष्पक्ष छानबिनको माग गरिरहेका नागरिकलाई अन्तरिम सरकारकै खासै आशा जगाउन सकेको छैन । कतिसम्म भने दुई महिनासम्म मन्त्रीहरुले सम्पत्ति विवरणसमेत बुझाएनन् । आमनागरिक पारदर्शिता चाहन्छन् । प्रधानमन्त्रीदेखि मन्त्रीहरुसम्मको सम्पत्ति सार्वजनिक होस् भन्ने चाहन्छन् ।

# राजनीतिक-आर्थिक विकासका लागि अन्तरपुस्ता संवाद

**भोजराज पौडेल**

ताजा भएका कारण केही साता अगाडिको एउटा घटनाको प्रसंग जोड्दा सान्दर्भिक नै हुन्छ । राजधानीको एउटा सभाहलमा सञ्चालन भइरहेको बन्दसत्रमा नेपालमा उच्च शिक्षामा कस्ता सुधार जरुरी छन् र ती किन अहिलेसम्म सम्भव हुन सकेनन् भन्नेमा जोड दिँदै राजनीतिक नेता तथा सामाजिक अभियन्ता सागर ढकाल बोल्दै थिए । उनको प्रस्तुति नितान्त उच्च शिक्षा सुधारका लागि हामीले आधारभूत रूपमा गर्नुपर्ने सुधारमा केन्द्रित थियो । तर त्यहाँ उपस्थित अघिल्लो पुस्ताका, एक हिसाबले सेवा निवृत्त व्यक्तित्वहरू अकस्मात् सागर ढकाल समयभन्दा बढी बोलेको र आफूहरूलाई उपदेश दिने हिम्मत गरेको भनेर आक्रामक बने । बलात् उनलाई बोल्नबाट रोकियो । सागरले कुनै प्रतिवाद नगरी माइक हस्तान्तरण गरे । बाँकी छलफल सुने र उनी त्यहाँबाट निस्के । मध्याह्नको समय हुँदै थियो । त्यहाँ उपस्थित बाँकी रहेकाहरूले आफू बसेकै ठाउँमा टर्क्याइएको दिवा भोजन गर्दै कार्यक्रम अगाडि बढाए । मैले यो उदाहरण यहाँ किन प्रस्तुत गरेको भने यसले हाम्रो समाजमा दिनानु दिन भइरहेका व्यवहारहरूलाई प्रतिविम्बित गर्छ । समाजमा अहिले सबैतिर नेतृत्वमा रहेको 'वृद्ध' पुस्ता नयाँ कुरा, नयाँ विषय र काम गर्ने नौलो र छरितो तरिका सुन्न चाहँदैन । ढिलो नगरी एउटा द्रष्टव्य दिन चाहन्छु- मैले वृद्ध किन भनेको भने त्यो पुस्ताले सबै उमेर समूहका आफूभन्दा उमेरले सानो तथा नयाँलाई युवा करार गर्छ । अब यस्तो खालको अन्तरपुस्ता विवाद र अविश्वासको वातावरण भएको अवस्थामा हामीले कसरी अगाडिको बाटो कोर्न सक्छौं ? सबैतिरबाट असक्षम वृद्धहरूको तजबिजमा चल्ने परिपाटीबाट हामीले खोजेको उन्नत समाज, विकसित अर्थतन्त्र र सभ्य



राजनीतिक परिपाटी सम्भव छैन भन्ने त स्पष्ट नै छ । यो मुलुकको विशेष एक पुस्ताले मुलुकको आर्थिक विकास र राष्ट्र निर्माणमा बाधा पुऱ्याउने काम गरिरहेको छ । विगतको ब्याजलाई अहिलेको आफ्नो पुँजी हो भन्ठानेर परिवर्तन र नवप्रवर्तनलाई स्विकार्न सक्दैन । पुराना सोच र अभ्यासमा अडिग छ । स्वार्थी र असंवेदनशील व्यवहार गर्छ । यसको ज्वलन्त उदाहरण नेपालका हरेक मञ्च, संस्था तथा दलहरूमा देखिन्छ । यसले गर्दा हाम्रो मुलुक विकासको लिगमा पछाडि धकेलिरहेको छ । यस अवस्थाले सामाजिक, राजनीतिक र आर्थिक प्रणालीमा स्थिरता ल्याउँछ भने प्रगतिलाई असर पुऱ्याउँछ । त्यसैले सबै पुस्ताबीच संवाद, सहकार्य र समावेशी सोचलाई प्रोत्साहन गर्नुपर्छ ताकि दीर्घकालीन विकास सम्भव होस् । तर त्यसो गर्नका लागि अघिल्लो पुस्ताले यो मुलुक हामीले जितेको खेल मैदान हो भन्ने अहं त्याग्नुपर्छ । नेपालको आर्थिक विकास नहुनु, यहाँको राजनीतिले एउटा लय समात्न नसक्नु, समाज विग्रहतर्फ उन्मुख हुनु, भ्रष्टाचार, बेथिति र अराजकता थप बढ्दै जानुमा कुनै निश्चित व्यक्ति, संस्था, समुदाय, दल तथा पेसामा लागेकाहरू वा एउटा नेता दोषी छैन । गरिब, विश्व समुदायमा अपहेलित, मगन्ते, बौद्धिक रूपमा दरिद्र र दार्शनिक रूपमा भुक्ते राष्ट्र नेपालको सार्वभौमिकता बाँकी छ कि छैन ? यदि बाँकी छ भने जेन-जी आन्दोलनको रापतापले मात्तिएका र यसबाट आत्तिए (डराए) का दुवैलाई नेपाली समाजले चिन्न सक्नुपर्छ । यी दुवैले मुलुकलाई भविष्यको बाटोमा सही तरिकाले अगाडि बढाउन सक्दैनन् र त्यो अलिकति बाँकी रहेको सार्वभौमिकतालाई जोगाउन सक्ने छैनन् । राष्ट्र निर्माणमा राजनीतिक पक्ष जति महत्त्वपूर्ण हुन्छ, त्यति नै रूपमा आर्थिक पक्षले भूमिका खेलेको हुन्छ । नेपाल एउटा बलियो राष्ट्र-राज्यका रूपमा अगाडि आउन नसक्नुमा एकपछि अर्को गरी हुने राजनीतिक परिवर्तनपश्चात् आर्थिक रूपमा स्पष्ट बाटो तय गर्न नसक्नु हो । त्यो आर्थिक रणनीति तयार हुन नसक्नु भनेको नेतृत्वमा रहेकाहरूको शासकीय क्षमताको अभाव हो । राजनीतिक आन्दोलनको नेतृत्व गर्नु र सुशासन कायम गर्दै आर्थिक परिणाम दिने गरी शासकीय प्रणाली स्थापित गर्नु फरक कुरा हुन् । यसकारण पनि खोजी गर्नुपर्ने पक्ष भनेको अबको राजनीतिक कोर्सलाई संस्थागत गर्न हामीले कस्तो आर्थिक प्रणाली स्थापित गर्नुपर्ने भन्ने हो । र, त्यो कसले नेतृत्व गर्ने भन्ने अर्को मुख्य प्रश्न हो । अब प्रश्न उठ्छ कि के हाम्रोमा पुस्तान्तरणीय अविश्वास छ ? जस्तै, पुरानो पुस्ताले नयाँ पुस्ताको सोच, सीप, प्रविधि प्रयोग र कार्यशैलीलाई विश्वास नगर्नु वा नयाँ पुस्ताले पुरानो पुस्ताको अनुभव, मूल्य र परम्परालाई सम्मान नगर्नु । के यस्तो अविश्वासले हाम्रो समाजमा विभाजन, संवादको अभाव र सहकार्यमा कमी ल्याएको हो ? राष्ट्र निर्माणका लागि सबै पुस्ताबीच सहकार्य, आपसी सम्मान र विश्वास अत्यावश्यक हुन्छ । जब फरक पुस्ताबीच अविश्वास बढ्छ, तब नीति निर्माण, कार्यान्वयन र दीर्घकालीन योजनामा समस्या आउँछ । पुरानो पुस्ताले नयाँ विचारलाई अस्वीकार गर्दा नवप्रवर्तनमा अवरोध आउँछ भने नयाँ पुस्ताले पुरानो पुस्ताको अनुभवलाई बेवास्ता गर्दा गलत निर्णय र गल्तीहरू दोहोरिन सक्छन् । आर्थिक विकासमा पनि पुस्तान्तरणीय अविश्वासको प्रत्यक्ष असर पर्छ । नयाँ पुस्ताले प्रविधि, उद्यमशीलता र नवीन सोच ल्याउन सक्छन् तर यदि तिनीहरूलाई पुरानो पुस्ताले समर्थन नगरे, तिनीहरूको क्षमता पूर्ण रूपमा उपयोग हुन सक्दैन । त्यस्तै, पुरानो पुस्ताको अनुभव र सञ्जाललाई नयाँ पुस्ताले नअपनाए, तिनीहरूले चुनौतीहरू सजिलै पार गर्न सक्दैनन् । यसले उत्पादनशीलता, नवप्रवर्तन र समग्र आर्थिक वृद्धिमा अवरोध ल्याउँछ । पुस्तान्तरणीय अविश्वास कम गर्नका लागि खुला संवाद, आपसी सम्मान र सहकार्यको वातावरण सिर्जना गर्नुपर्छ । पुरानो पुस्ताले नयाँ पुस्ताको विचार प्रविधि र जोसलाई स्वीकार गर्नुपर्छ भने नयाँ पुस्ताले पुरानो पुस्ताको अनुभव, मूल्य र परम्परालाई सम्मान गर्नुपर्छ । यसरी मात्र पुस्ताबीचको सहकार्यबाट राष्ट्र निर्माण र आर्थिक विकासमा दिगो प्रगति सम्भव छ ।अब फर्कौं जेन-जी आन्दोलनतर्फ । यो एक हिसाबले अन्तरपुस्ता संवादको अभावमा सिर्जना भएको एक विस्फोट थियो । तर त्यो विस्फोटबाट पाठ सिकेर सुधार गर्नेभन्दा पनि सबैतिर त्यो आन्दोलन र आवाजलाई नै निस्तेज पार्ने प्रयत्न भइरहेका छन् ।नेपालको नीतिनिर्माण तहमा रहेको ठूलो हिस्साले विगत तीन दशकदेखि

बाँकी तेश्रो पृष्ठमा

# आत्ममुग्धता : आत्मविश्वास कि व्यक्तित्व विकार ?

**शिक्षा रिसाल**

म यस्तो छु, म उस्तो छु, जस्तोसुकै भए पनि दामी छु । ताल परेमा हरामी छु । चारैतिर म नामी छु' गिरीश खतिवडाको ऱ्याप गीतका यी केही लाइन नसुनेकाहरू सायदै होलान् । कतिलाई त यो गीत ' आफ्नै लागि लेखिएको' झैं लाग्छ होला । यदि यस्तो लाग्छ भने एउटा सुझाव दिन चाहन्छु । सबै कुरा बिर्सेर एक पटक आत्मसमीक्षा गर्नुहोस् । जिन्दगीमा धेरै उथलपुथल भइरहेको छ र दोष सबै अरूलाई दिनुहुन्छ भने पनि साइकोलोजिस्टकहाँ गइहाल्नुस् । र, केही प्रश्नका सही-सही जवाफ दिनुहोस् । किनकि तपाईं यस्तो व्यवहारगत विकारबाट ग्रसित भएको हुन सक्नुहुन्छ, जसलाई मनोवैज्ञानिक भाषामा 'नार्सिसिस्टिक पर्सनालिटी डिसअर्डर' भनिन्छ । ग्रीक मिथकका एक पात्र नार्सिससबाट 'नार्सिसिज्म' शब्द जन्मेको हो । र, त्यसैबाट यो 'नार्सिसिस्टिक' शब्दको विकास भएको हो । इसापूर्व शताब्दीको एउटा रोचक कथा छ । कथामा नार्सिसिज्म अर्थात् अत्यधिक आत्ममुग्धताका कारण नार्सिसस भन्ने एक पात्र पतन भएको बारे वर्णन गरिएको छ । नार्सिसस आफू सुन्दर भएकै कारण अत्यन्तै घमण्डी र अहंकारी थिए । आफूलाई प्रेम प्रस्ताव राख्ने हरेकलाई उनी तिरस्कार गर्थे, दुत्कार्थे । र, अर्की थिइन्- इको । उनी हेरा नामक देवीबाट श्रापित थिइन्, जसकारण उनी अरूले बोलेका कुरा दोहोऱ्याउन मात्रै सक्थिन् । उनी पनि नार्सिससलाई देखेर मन्त्रमुग्ध भइन्, प्रेम गर्न थालिन् । तर, सबैलाई तिरस्कार गर्ने नार्सिससले इकोलाई अपनाउने कुरै थिएन । उनी इकोको प्रेम प्रस्तावलाई सिधै नकारिदिन्छन् । प्रतिशोधकी देवी नेमिससले घमण्डी नार्सिससलाई पाठ सिकाउने निर्णय गर्छिन् । नेमिसस एक सुन्दर तलाउको स्वरूप लिएर जंगलमा बस्छिन् । सिकार खेल्दै गर्दा नार्सिससलाई प्यास लाग्छ । उनी त्यही तलाउमा पानी पिउन झुक्छन् । तलाउमा झुक्नेबित्तिकै उनले त्यहाँ अत्यन्तै सुन्दर, जवान, बलियो, युवक देखेका हुन्छन् । कुप दे फोउद्रे अर्थात् पहिलो नजरमै प्रेम गर्न थाल्छन् । वास्तवमा नार्सिसस आफ्नै प्रतिविम्ब देखेर मन्त्रमुग्ध भइरहेका हुन्छन् । आफैंसँगको प्रेममा परेपछि नार्सिससले सबै कुरा बिर्सन्छन् । लामो समयसम्म आफ्नै प्रतिविम्ब हेरेर मोहित हुन्छन् । उनले खान, पिउन र सुत्न पनि बिर्सन्छन् । उनी दिनदिनै कमजोर र कुरूप बन्दै जान्छन् । एक दिन त्यही तलाउको किनारमा उनको मृत्यु हुन्छ । नार्सिससले मर्ने बेला आफ्नै प्रतिविम्ब हेर्दै भनेका थिए, 'ओहो ! अद्‌भुत युवक, मैले तिमीलाई व्यर्थमा प्रेम गरें, बिदा ।' इको नार्सिससको अन्तिम शब्द मात्रै दोहोऱ्याउन सक्छिन्- बिदा, बिदा, बिदा ! यो कथाले नार्सिसिज्मको मूल सारलाई चित्रण गर्छ । अत्यधिक आत्मप्रेमले एक व्यक्तिको अर्को व्यक्तिसँगको सम्बन्ध मात्रै होइन, स्वयंलाई पनि नष्ट गर्छ । नार्सिसिज्म अर्थात् आत्ममुग्धता । भागवत गीतामा श्रीकृष्णले भनेका छन्, ' आत्मप्रशंसाको अर्को नाम आत्महत्या हो ।' अर्थात् जब मान्छे केवल आफ्नै प्रशंसा गरिरहन्छ, उसको पतन निश्चित छ । नार्सिससको पनि त्यसैगरी पतन भयो । मनोविज्ञानका अनुसार, संसारको हरेक प्राणीमा केही हदसम्म नार्सिसिज्म छ । आत्ममुग्धतालाई मनोविज्ञानले आत्मविश्वाससँग पनि जोडेको छ । केही मात्राको नार्सिसिज्मले व्यक्तिलाई जीवनमा सफल हुन मद्दत गर्छ । मनोवैज्ञानिक सिद्धान्त भन्छ, 'नार्सिसिज्म कुनै पनि परिकारमा हालिने नुनजस्तै हो, यदि ठिक्क भयो भने परिकार मीठो र स्वादिलो हुन्छ तर अत्यधिक भयो भने परिकार न मीठो हुन्छ न स्वास्थ्यका लागि लाभदायी नै ।' जस्तै 'अ पिन्च अफ नारसिसिज्म' अर्थात् थोरै आत्ममुग्धताले व्यक्तिलाई आफ्नो अधिकारका लागि बोल्न, लड्न, आत्मनिर्भर हुन, आत्मविश्वास बढाउन, महत्त्वाकांक्षी बनाउन र जीवनमा सफल हुन मद्दत गर्छ ।

तर, परिस्थिति जस्तोसुकै होस् 'म यस्तै त हो' भन्दै समाजका नियम-कानुन उल्लंघन गर्ने, नैतिक मूल्य-मान्यता बहिष्कार गर्ने, अरूको भावनालाई सम्मान नै नगर्ने, कसैले केही प्रश्न उठाए गर्वका साथ 'म यस्तै हो' भन्ने व्यक्तिहरूमा यो 'नार्सिसिस्टिक पर्सनालिटी डिसअर्डर' को जोखिम उच्च हुन्छ । किनकि भावनात्मक र व्यवहारगत रूपमा स्वस्थ व्यक्तिले आफूलाई प्रेम मात्रै गर्दैन, सँगसँगै अरूको भावना र अवस्थाप्रति पनि समानुभूति दर्शाउँछ । तर, जब व्यक्तिमा भएको नार्सिसिज्मले पराकाष्ठा नाघ्छ तब मानिसमा ' नार्सिसिस्टिक पर्सनालिटी डिसअर्डर' विकास हुन्छ । नार्सिसिस्टहरू सधैं प्रशंसा मात्रै चाहन्छन्- सबैले उनीहरूको गुणगान गाइरहुन्, पछि-पछि लागिरहुन् । यदि 'अटेन्सन' पाएनन् भने उनीहरू रिसले चुर-चुर हुन्छन् । उनीहरूलाई कुनै पनि विषयमा आलोचना गरेको मन पर्दैन, उनीहरू आलोचना सहनै सक्दैनन् । उनीहरू जति नै गलत भए पनि आफ्ना लागि सधैं सही हुन्छन् । यी व्यक्तिहरू प्रायः आफ्नो अहंकारमा झुकाउन सक्ने मानिससँग मात्रै घेरिन मन पराउँछन् । उनीहरू आफ्नो जय-जयकार गर्ने व्यक्तिहरूसँग सम्बन्ध निर्माण गर्छन्, भलै ती सम्बन्ध सतही र क्षणिक

बाँकी तेश्रो पृष्ठमा

# अन्तर्राष्ट्रिय समाचार

## शान्त बङ्गलादेश : हसिनामाथिको मृत्युदण्डपछि राजधानीको अवस्था सामान्य



**काठमाडौं,०३ मंसिर ।**

गत वर्ष विद्यार्थी विद्रोहमाथि गरिएको दमनका कारण अपदस्थ प्रधानमन्त्री शेख हसिनालाई मृत्युदण्डको सजाय सुनाइएपछि पनि मंगलबार बङ्गलादेशको राजधानी ढाका तथा प्रमुख सहरहरू सामान्यरूपमै सञ्चालनमा रहेका छन् । उनको पूर्व सत्तारूढ अवामी लिग पार्टीले देशव्यापी बन्दको आह्वान गरे पनि सेवासुविधा, पसल तथा विद्यालयहरू खुल्लै रहे ।अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरणले गएको वर्षका विद्यार्थी आन्दोलनहरूलाई लक्षित गर्दै घातक बल प्रयोग गरेको आरोपमा हसिना तथा पूर्व गृहमन्त्री असदुज्जमान खानलाई सोमबार अनुपस्थितिमै मृत्युदण्डको सजाय सुनाएको थियो । अदालतको फैसलापछि अवामी लिगले यसलाई 'कङ्गारू अदालत' भन्दै अस्वीकार गऱ्यो र भोलिपल्ट देशव्यापी बन्दको घोषणा गऱ्यो । सोमबार ढिलोसम्म हसिनाका विरोधीहरू र सुरक्षा निकायहरूबीच झडप भयो । विरोधीहरूले शेख मुजीबुर रहमानको ऐतिहासिक घर भत्काउन उत्खनन प्रयोग गर्ने प्रयास समेत गरे । यसैबीच, पूर्व राष्ट्रपति अब्दुल हमिदको किशोरगञ्जस्थित घरमा तोडफोड गरिएको स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन् । तर मंगलबार सहरमा शान्त वातावरण देखियो । ढाकाका व्यापारी मोहम्मद साइकोट हुसेनले 'यहाँ वास्तविक कानूनको शासन नै छैन' भन्दै आफ्ना सन्तानहरूको भविष्यप्रति गहिरो चिन्ता व्यक्त गर्नुभयो । उहाँले विगतदेखि हालसम्म सत्तामा बसेकाहरूले कानूनलाई मनपरी ढङ्गले प्रयोग गर्दै आएको टिप्पणी गर्दै भने, 'हाम्रा छोराछोरीहरू यस्तै वातावरणमा हुर्किरहेका छन्–न लक्ष्य छ, न भविष्य । उनीहरू कहाँ पुग्लान् भन्नेमा म अत्यन्तै चिन्तित छु ।' ७८ वर्षीया हसिनालाई मानवता विरुद्धको अपराधसम्बन्धी पाँच अभियोगमा दोषी ठहर गरिएको हो । विद्यार्थी प्रदर्शनकारीहरू विरुद्ध उत्तेजक निर्देशन जारी गरेको, हेलिकप्टर, ड्रोन तथा घातक हतियार प्रयोग गर्न आदेश दिएको आरोपमा उनलाई प्राकृतिक मृत्यु नहुँदासम्म कैदको सजाय सुनाइएको छ । एक पूर्व प्रहरी प्रमुखले राज्य साक्षी बनेपछि उहाँलाई पाँच वर्षकै कैद सजाय सुनाइएको थियो ।
बङ्गलादेशले सन् २०२४ को जुलाई–अगस्टमा सरकारी जागिरको कोटा प्रणालीविरुद्ध विद्यार्थी नेतृत्वमा व्यापक विरोध प्रदर्शन भोगेको थियो । आलोचकहरूले उक्त प्रणाली हसिनाको पार्टी–सम्बद्धहरूलाई फाइदा हुने गरी लागू गरिएको आरोप लगाएका थिए । अन्तरिम सरकारले ती आन्दोलनहरूमा ८०० भन्दा बढी व्यक्तिको मृत्यु भएको र १४ हजार घाइते भएको जनाएको छ । संयुक्त राष्ट्रसङ्घले भने मृतक सङ्ख्या एक हजार ४०० हाराहारी रहेको अनुमान गरेको थियो ।
सन् २०२४ अगस्ट ५ को विद्रोहपछि हसिनाको १५ वर्ष लामो शासन ढल्यो । उनी र खान भारत भागिन् । भारतबाट सुपुर्दगी नहुने निश्चित प्रायः भएकाले मृत्युदण्ड वा कैद भोग्नुपर्ने सम्भावना न्यून मानिएको छ । हसिनाले सजायको ३० दिनभित्र आत्मसमर्पण नगरेसम्म वा गिरफ्तार नपरेसम्म अपील गर्न पाउँदिनन् । उनीहरूले प्रतिरक्षा वकिल नियुक्त गर्न नमानेका कारण राज्यद्वारा तोकिएका वकिल पनि अस्वीकार गरिएका थिए ।सोमबार जारी गरेको विज्ञप्तिमा हसिनाले आफ्नाविरुद्धका आरोपहरू 'अन्यायपूर्ण' रहेको बताउँदै आफूहरू 'सद्भावपूर्ण रूपमा जिम्मेवारी निर्वाह गर्दै राष्ट्रको सेवा गर्न प्रयासरत' रहेको दाबी गरिन् । उनले 'परिस्थितिको नियन्त्रण गुमेको क्षणलाई पूर्वनियोजित आक्रमणका रूपमा चित्रण गर्नु तथ्यको गलत व्याख्या हो' भनी टिप्पणी गरिन् ।
संयुक्त राष्ट्रसङ्घले हसिनामाथिको सजाय 'गत वर्षको दमनका पीडितहरूका लागि महत्त्वपूर्ण क्षण' भएको बताएको छ । तर ह्युमन राइट्स वाचले परीक्षण प्रक्रियाप्रति गम्भीर शङ्का व्यक्त गर्दै साक्षी बयान, प्रतिरक्षा प्रक्रिया र निष्पक्षतामाथि प्रश्न उठाएको छ । सङ्गठनकी उप एसिया निर्देशक मीनाक्षी गाङ्गुलीले भने, 'हसिनाको शासनकालमा भएका गम्भीर दुर्व्यवहारका जिम्मेवारहरूलाई जवाफदेही बनाउनु अपरिहार्य छ, तर त्यसका लागि निष्पक्ष र विश्वासिलो परीक्षण आवश्यक छ ।' एम्नेस्टी इन्टरनेशनलकी महासचिव एग्नेस क्यालामार्डले मृत्युदण्डको कडा विरोध गर्दै यो मुद्दा 'न त निष्पक्ष, न त न्यायसम्मत' रहेको टिप्पणी गरिन् । उनले भनिन्, 'बङ्गलादेशमा न्यायिक प्रक्रिया पक्षपातरहित, स्वतन्त्र तथा पूर्ण पारदर्शितामा अघि बढ्नुपर्छ ताकि नयाँ मानवअधिकार उल्लङ्घन नहोस ।'हसिना अपदस्थ भएपछि तीन दिनमै सत्ता सम्हालेका नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा बङ्गलादेशले अहिले स्थिरता खोजिरहेको अवस्था छ । फेब्रुअरीका लागि निर्वाचनको योजना बने पनि तोकिएको मिति अझै घोषणा गर्न बाँकी छ ।

## गाजामा २१९ उपचार केन्द्र सञ्चालन, राहत तथा खोप अभियान द्रुतगतिमा



**काठमाडौं,०३ मंसिर ।**

गाजामा हालैको अविरल वर्षा र जाडो मौसमलाई ध्यानमा राख्दै संयुक्त राष्ट्रसङ्घका मानवीय निकायहरूले राहतका रकमहरू तुरुन्तै उपलब्ध गराउन थालेका छन् ।

मानवीय समन्वय कार्यालय (ओसीएचए) ले जनाए अनुसार, अधिग्रहित प्यालेस्टाइनी भूभागका लागि ओसीएचए संयोजक रामिज अलाक्बारोभले अत्यावश्यक सहयोगका लागि ठूलो मात्रामा रकम छुट्याएका छन् । संयुक्त राष्ट्रसङ्घका मानवीय विषयका उच्च अधिकारी टम फ्लेचरले सुडान भ्रमणका क्रममा गाजामा रहेका आवागमनका सबै प्रकारका अवरोध हटाई अझ धेरै राहत तुरुन्तै लैजानुपर्ने माग गरे ।

ओसीएचए अनुसार संयुक्त राष्ट्रसङ्घ र सहयोगी संस्थाहरूले टेन्ट, प्लास्टिक छाउनो, अस्थायी बासस्थानका सामानलगायत जीवनरक्षक सामग्री वितरण गरिरहेका छन् । प्रभावित परिवारहरूको अवस्था बुझ्न निरन्तर मूल्यांकन भइरहेको छ ।

अलाक्बारोभले उपलब्ध गराएको रकमले खाद्यान्न, पोषण, खानेपानी, स्वास्थ्य, बसोबास, संरक्षणलगायत ३० भन्दा धेरै योजनाहरू अघि बढ्न सहयोग पुगेको बताइएको छ ।
आइतबारसम्म गाजामा सञ्चालनमा रहेका उपचार सेवा केन्द्रहरूको संख्या २०० भन्दा कमबाट बढेर २१९ पुगेको छ । तीमध्ये १२ प्राथमिक उपचार केन्द्र, ६ उपचार बिन्दु र ४ अस्पताल उत्तरी क्षेत्रमा सञ्चालनमा छन् ।

नोभेम्बर ९ बाट सुरु भएको खोप अभियानअन्तर्गत पाँच दिनमै तीन वर्षमुनिका सात हजार भन्दा बढी बालबालिकाले खोप पाएका छन् ।

खाद्य सहयोग उपलब्ध गराउने संस्थाहरूका अनुसार, शनिबार मात्रै १९५ सामुदायिक भान्साहरूमार्फत लाखौं परिकार प्रभावित जनतालाई वितरण गरिएको छ ।

### राजनीतिक-आर्थिक....

निरन्तर पद तथा नेतृत्वमा रहेर पनि तुलनात्मक रूपमा कुनै परिणाम दिन नसकेको हुँदा उनीहरू बिदा हुनुपर्ने आवाज छ । तर संस्थागत रूपमा सोच्ने हो भने यसरी सडकबाट राजीनामा माग्ने अथवा पदच्युत हुनुपर्छ भन्ने माग जायज होइन । त्यस कारणले हामीले नीतिगत रूपमा नै अपारदर्शी, असक्षम र जवाफदेहिताको अभावलाई निर्मम रूपमा बिदाइ गर्न सक्ने नीतिगत व्यवस्था गर्नुपर्छ । नेपालको इतिहासको विभिन्न कालखण्डमा राजनीतिक आन्दोलनहरूलाई अगाडि बढाउने अहिलेका दलका नेता र तिनका वरिपरिका सबैजसोले नै यो मुलुकमा भ्रष्टाचार र बेथितिलाई अँगाले । जसले गर्दा मुलुकको आर्थिक तथा सामाजिक विकास धेरै पछाडि धकेलियो । जो–जो यो भ्रष्ट समूहको पछाडि लागेर चाकडी र चाप्लुसीमा समाहित हुन सक्यो, त्यो नै अवसर र स्रोत तथा साधनको भागीदार बन्यो । यसकारण नेपालमा एउटा बलियो बुझाइ के छ भने, यहाँ राज्य, दल र नेताले नै पछिल्लो तीन दशकमा सामाजिक विभेदको खाडल खने । जसको दलदलमा अहिले उनीहरू आफैं फसेका छन् । अबका दिनमा हामीले खोजेको कस्तो समाज, राष्ट्र र शासकीय पद्धति हो ? त्यो हासिल गर्नका लागि के सुधार हुनुपर्छ र कस्तो खालको नयाँ सोचलाई हामीले बढावा दिनुपर्छ ? साभार ईकान्तिपुर ।

### आत्ममुग्धता : आत्म..

होऊन् । नार्सिसिस्टिकहरूको जीवनको शब्दावलीमा केवल 'म', 'मेरो', 'मैले', 'मलाई' र 'आफू' मात्रै हुन्छ । उनीहरू आफ्नो कुनै पनि कठोर व्यवहार वा निर्णयले अरू मानिसमा पार्ने प्रभाव र मानसिक जोखिमबारे बेमतलब हुन्छन् । हामी पक्कै नार्सिसिस्टिक व्यक्तिहरूबाट घेरिएका छौं वा हामी आफैंमा पनि यो डिसअर्डर भएको हुन सक्छ । यस्ता व्यक्तिहरूसँग व्यवहार गर्नुपर्दा हामीलाई लाग्छ, 'यो त कस्तो घमण्डी रहेछ, कस्तो मुडी रहेछ, जिद्दी रहेछ, बोली त कस्तो कडा रहेछ ।' तर, वास्तवमा हामी नार्सिसिस्टिक व्यक्तिसँग व्यवहार गरिरहेको पत्तो पाउँदैनौं । नार्सिसिस्टका विभिन्न लक्षण समान भए पनि ऊ कुनखाले नार्सिसिस्ट रहेछ भन्ने उनीहरूको व्यवहारबाटै थाहा पाउन सकिन्छ । जस्तै- ओभर्ट नार्सिसिस्ट, यस्ता नार्सिसिस्टहरूमा दमन र अधिकारको भावना उच्च हुन्छ । उनीहरू आफ्नो उपलब्धि मात्रै देखाउने र अरूलाई सकेसम्म नालायक र कमजोर ठह्याउने प्रयास गर्छन् । उनीहरूलाई अत्यधिक ध्यान चाहिन्छ । उनीहरू सबैबाट प्रशंसा मात्रै चाहन्छन् र आफ्नो शक्ति-प्रतिष्ठाको बखान गरिरहन्छन् । साभार ईकान्तिपुर ।

### बारामा तनाव............

प्रवेश गरेका थिए । तनाव बढेपछि जिल्ला प्रशासन कार्यालयले कर्फ्यु आदेश जारी गरेको छ ।

### कर्फ्यू उल्लङ्घन गर्दै....

गरेपछि झडप सुरु भएको थियो । यस घटनापछि आक्रोशित युवाहरूले सिमरा विमानस्थलतर्फ धावा बोल्दा तनाव बढ्यो ।उक्त दिन एमाले उपाध्यक्ष शंकर पोखरेल, पोलिट्ब्युरो सदस्य महेश बस्नेत लगायत काठमाडौंबाट सिमरा आउँदै थिए । विमानस्थलमा एमाले नेताहरू र पूर्वसांसदहरू अच्युत मैनाली, किशान श्रेष्ठ, ज्वाला साह आदि स्वागत गर्न पुगेका थिए । नेताहरू विमानस्थल भित्र प्रवेश गर्दा जेनजी युवाहरूले मुख्यगेट ढाल्दै ढुंगा र सिसाका बोतल प्रहार गरे । प्रहरीले अश्रुग्यास र लाठीचार्ज गरी स्थिति नियन्त्रणमा लिन खोज्यो । यसक्रममा प्रहरी र युवाबीच झडप भएको थियो । सुरक्षा बलहरूले भने घटनाको शान्तिपूर्वक व्यवस्थापन गर्ने प्रयास जारी राखेको छ ।

### मधेस प्रदेश सभामुख...

अनुसार अब उपसभामुखले सात दिनभित्र सदन बोलाउने छन् । त्यसपछि प्रस्तावकले प्रस्ताव पेश गर्ने, समर्थकहरूले समर्थन जनाउने र खुला छलफल हुनेछ । प्रस्ताव पेश भएपछि सभामुखलाई आफ्नो बचाउ पेश गर्न समय दिइनेछ । यादवले मतदान प्रक्रिया पनि स्पष्ट पारे, "यदि प्रस्तावको पक्षमा दुई तिहाइ बहुमत जुट्छ भने सभामुख मण्डल तत्काल पदमुक्त हुनेछन् ।" सभामुख मण्डल आजको बैठकमा अनुपस्थित थिए । यादवका अनुसार, "संसद् सचिवालयले सबै माननीयलाई म्यासेज पठाइसकेको छ । उहाँलाई पनि प्रस्तावबारे जानकारी छ; आउने नआउनु उहाँको व्यक्तिगत इच्छाको कुरा हो ।"केही दिनअघि ७४ सांसदको हस्ताक्षरमा मण्डलविरुद्ध अविश्वास प्रस्ताव दर्ता गरिएको थियो ।

### जनकपुरधाममा.........

भव्य ढङ्गले आयोजना गर्न मन्दिर पक्ष व्यस्त देखिन्छ । जानकी मन्दिर परिसरदेखि आसपासका प्रमुख मार्ग तथा सांस्कृतिक स्थलहरू रंगीन बत्ती, फुलमाला र विभिन्न सजावटले आकर्षक बनेका छन् । मन्दिर व्यवस्थापनले सरसफाइ, पण्डाल निर्माण, मञ्च तयारी, प्रकाश व्यवस्था र सांस्कृतिक कार्यक्रमका संरचनाहरूलाई तीव्र गतिमा अन्तिम रूप दिइरहेको छ । तर, महोत्सवको भव्यता र ऐतिहासिक महत्वको अनुपातमा सरकारी चासो निकै न्यून देखिएको मन्दिर पक्षको गुनासो छ । जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवका अनुसार संघ, प्रदेश र स्थानीय – तीनै तहका सरकारहरूबाट अपेक्षित सहयोग प्राप्त नभएको छ ।

# स्वास्थ्य

## एन्टिबायोटिक जथाभाबी प्रयोग हानिकारक



स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री डा. सुधा शर्मा गौतमले चिकित्सकले सिफारिस (प्रेस्किप्सन) गरेको 'एन्टिबायोटिक' औषधी मात्र सेवन गर्न आग्रह गर्नुभएको छ । उहाँले चिकित्सकले लेखेको एन्टिबायोटिक औषधी पूर्ण मात्रा मात्र आवश्यक मात्रामा सेवन गर्न अनुरोध गर्नुभएको हो । एन्टिमाइक्रोबियल रेसिस्टेन्स सचेतना सप्ताहका अवसरमा मन्त्री शर्माले जथाभाबी एन्टिबायोटिक औषधी प्रयोगले गम्भीर स्वास्थ्य समस्या उत्पन्न हुन सक्ने बताउनुभयो । मन्त्री डा. शर्माले एन्टिबायोटिक र अन्य एन्टिमाइक्रोबियल्स औषधी जथाभाबी प्रयोगले प्रतिजैविक प्रतिरोध (एन्टिमाइक्रोबियल रेसिस्टेन्स) भई बिरामी पर्दा सामान्य औषधीले काम नगर्ने भएकाले जथाभाबी एन्टिबायोटिक प्रयोग नगर्न आग्रह गर्नुभएको हो । स्वास्थ्य मन्त्रालयका सचिव डा. विकास देवकोटाले एन्टिमाइक्रोबियल रेसिस्टेन्स स्वास्थ्य उपचारमा एक जटिल समस्या बन्दै आएको बताउनुभयो । उहाँले समयमै सम्बोधन गर्न सकिएन भने स्वास्थ्य प्रणालीले नराम्रो क्षति बेहोर्नुपर्ने बताउनुभयो । 'प्रतिजैविक प्रतिरोध रोकथाममा आजैबाट जुटौं, हाम्रो वर्तमान जोगाऔं, भविष्य सुरक्षित पारौं' नारासाथ विश्व प्रतिजैविक प्रतिरोध सचेतना सप्ताह देशव्यापी रूपमा मनाइँदै छ ।

**एम्बुलेन्स दुरुपयोग रोक्न ध्यानाकर्षण** स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले एम्बुलेन्स सेवा दुरुपयोग भएको भन्दै निर्देशिका अनुसार सञ्चालन गर्न ध्यानाकर्षण गराएको छ । मन्त्रालयले विभिन्न जिल्लामा एम्बुलेन्स व्यापारिक प्रयोजनमा प्रयोग भएको गुनासो आइरहेकाले निर्देशिका अनुसार सञ्चालन गर्न ध्यानाकर्षण गराएको हो । मन्त्रालयको स्वास्थ्य आपत्कालीन तथा विपत् व्यवस्थापन एकाइले सूचना जारी गर्दै सबै सरोकारवालालाई एम्बुलेन्स सञ्चालनसम्बन्धी नियम कडाइसाथ पालना गर्न आग्रह गरेको छ । एकाइ प्रमुख तथा मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले मन्त्रालयले स्वास्थ्य संस्थाका नाममा उपलब्ध गराइएका एम्बुलेन्सलाई अस्पताल र स्वास्थ्य सेवाबाहेक अन्यत्र प्रयोग गरिए कानुनी कारबाही गरिने जानकारी दिनुभयो । उहाँले एम्बुलेन्स दुरुपयोग भएको पुष्टि भएमा एम्बुलेन्स खारेजी गर्न सक्ने चेतावनी दिनुभयो ।

निर्धारित मापदण्डको पाल्ना गरौ, नक्सा पास गरी निमार्ण कार्य गरौं ।
परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौ,नाद,खुटा आदी नराखौं ।
करैयामाई गाउँपालिकाकोकार्यालय
करैया, बारा

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता ब्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
पटेर्वा सुगौली गाउँपालिकाको कार्यालय
पटेर्वा सुगौली, पर्सा

# फेरि विभाजनको संघारमा जसपा, शीर्ष नेताहरू दुई ध्रुवमा

काठमाडौं,०३ मंसिर ।




दुई वर्षअघि जसपा नेपालबाट अलग भई गठन गरिएको जनता समाजवादी पार्टी ९जसपा० पुनः विभाजनको संघारमा पुगेको छ । पार्टीभित्र एकता, सहकार्य र आगामी राजनीतिक यात्राबारे गहिरो मतभेद बनेसँगै शीर्ष नेताहरू दुई विपरीत धारमा उभिइरहेका छन् । स्रोतहरूका अनुसार अध्यक्ष अशोक राई, नेता राजेन्द्र श्रेष्ठ र कार्यकारिणी सदस्य पशुराम बस्नेत नेकपा ९माओवादी केन्द्र० सँग एकता वा सहकार्यतर्फ झुकाव राखिरहेका छन् । आइतबार नेता श्रेष्ठले माओवादी केन्द्रका शीर्ष नेतृत्वसँग संभावित एकताबारे व्यापक छलफल गरेका थिए । यसअघि अध्यक्ष राईलगायत नेताहरूले पनि प्रचण्डसँग भेटेर सहकार्यका आयाममा प्रारम्भिक सहमति मिलाएको बताइएको छ । यता सहअध्यक्ष रेणु यादवले भने अहिलेसम्म स्पष्ट धारणा सार्वजनिक गरेकी छैनन् । मधेस उन्मुख समूहका नेताहरू भने मधेस केन्द्रित दलहरूसँग एकता वा मोर्चाबन्दी नै पार्टीको मूल ध्येयसँग मेल खाने तर्क राखिरहेका छन् । महासचिव इस्तियाक राई, उपमहासचिव प्रदीप यादवलगायतका नेताहरू मधेसकै राजनीतिक मुद्दामा स्थापित दलसँग सहकार्य पहिलो प्राथमिकता हुनुपर्नेमा अडानमा छन् । उपमहासचिव यादवले विचार र मुद्दा नमेल्ने दलसँग एकता "कल्पनाबाहिर" रहेको बताए । "पहिले मधेस केन्द्रित दलसँग एकता हुनुपर्छ, त्यसपछि मात्र अन्य दलसँग गठबन्धनको कुरा आउँछ," उनले भने । उनले कांग्रेस, एमाले र नेकपा ९माओवादी० पक्षबाट मधेसी तथा आदिवासी जनजातिको मुद्दामा अपेक्षित संवेदनशीलता नदेखिएको आरोपसमेत लगाए । २०८१ वैशाखमा जसपा नेपालबाट अलग भई बनेको जसपा अहिले फेरि दल-गठनका नयाँ विकल्प खोज्दै छ । तीव्र मतभेदका बीच केही नेताहरू जसपा नेपालमै फर्कने सम्भावना पनि बढेको बताइन्छ । जसपा नेपालका उपाध्यक्ष राजकिशोर यादवसँग निरन्तर संवाद जारी रहेको र उनले "सम्मानजनक एकीकरण" को प्रस्तावसमेत अघि सारेका छन् । त्यस्तै, राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी नेपालले पनि जसपालाई लिखित रूपमा एकताको प्रस्ताव पठाइसकेको छ । जसपा फुटेको घटनालाई गैरकानुनी भन्दै जसपा नेपालले दायर गरेका दुई रिट दुई वर्षदेखि सर्वोच्च अदालतमा रोकिएका छन् ।

अदालतको फैसला आउनुअघि नै फेरि विभाजनको संकेत देखिनु पार्टीभित्र झनै अनिश्चितता बढाउने कारक बनेको छ । स्रोतहरूले केही नेताहरू एमालेतर्फ समेत आकर्षित रहेको दाबी गरेका छन् । विशेषगरी वीरेन्द्र महतोलगायतका नेताहरूले एमाले प्रवेशको सम्भावना खुलेर व्यक्त गरिरहेका छन् । अध्यक्ष राई समूह र मधेसी नेताहरूबीच बढ्दो मतभेदले जसपालाई पुनः दुई दिशामा विभाजित बनाइदिएको छ– एक पक्ष मधेस केन्द्रित दलहरूसँग एकताका पक्षमा, अर्को पक्ष माओवादी केन्द्रसँग सहकार्यतर्फ उन्मुख । आगामी निर्वाचन नजिकिँदै गर्दा कुन धारालाई जसपाले आफ्नो राजनीतिक भविष्यको रूपमा रोज्छ भन्ने प्रश्नमा सबैको ध्यान केन्द्रित भएको छ ।

# मधेश प्रदेशसभा बैठक सुरु हुनासाथ स्थगित एमालेबाट एक मात्र सांसद उपस्थित

जनकपुर ,०३ मंसिर ।




मधेश प्रदेशसभा बैठक सुरु हुनासाथ स्थगित भएको छ । नेकपा एमालेबाट उपस्थित एक मात्र सांसद सारदा देवी थापाले सरकारको उपस्थित नभएको अवस्थामा बैठक सञ्चालन कसरी हुन्छ भन्ने नियमावली सम्झाउँदै सभामुख बबिता राउत इशरले बैठकलाई केही समयको लागि स्थगित गर्न निर्देशन दिइन् । आजको बैठकमा सभामुख रामचन्द्र मण्डलमाथि दर्ता गरिएको महाभियोग विषयमा छलफल हुने कार्यसूची तय गरिएको थियो । सभामुखमाथि महाभियोगको प्रस्तावमा छलफल गर्न पूर्वमुख्यमन्त्री सतिश सिंह, त्रिभुवन साह, माओवादीबाट विद्रोही सांसद माला कर्ण लगायतका सांसदहरू सहभागी हुने तयारीमा थिए । सभामुख मण्डलमाथि महाभियोग प्रस्ताव दर्ता भएदेखि प्रदेशसभामा सचिवसहित उच्च पदस्थ कर्मचारीहरू पनि उपस्थित हुन छाडेका छन् । बैठक स्थगित भएपछि प्राविधिक तयारी र कर्मचारी उपस्थितिका विषयमा अझै स्पष्टता आउन बाँकी छ ।

# तोकिएकै समयमा निर्वाचन नगरे मुलुक जोखिममा पर्न सक्छ : सूचनामन्त्री खरेल



काठमाडौं,०३ मंसिर ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले सरकारले तोकिने मितिमा निर्वाचन गर्ने तयारीमा रहेको बताएका छन् । बुधबार राष्ट्रिय सभा अन्तर्गतको विधायन व्यवस्थापन समितिको बैठकमा बोल्दै मन्त्री खरेलले भने, "यदि तोकिएको समयमा चुनाव नभए मुलुक नयाँ जोखिममा पर्न सक्छ ।" उनले निर्वाचनको वातावरण तयार पार्न सरकार १२३ वटा राजनीतिक दलसँग निरन्तर संवादमा रहेको जानकारी दिए ।मन्त्री खरेलले निर्वाचन सम्पन्न गराउन राष्ट्रिय सभा, संसदीय समितिहरू र सदस्यहरूको भूमिका महत्त्वपूर्ण हुने बताए । साथै उनले सुशासन र भ्रष्टाचार नियन्त्रणको कामलाई पनि प्राथमिकतामा राखेर अघि बढाइएको स्पष्ट पारे । उनले सबै सांसद, सभापति र राजनीतिक दलहरूलाई आग्रह गर्दै भने, "चुनाव हुने बाटोमा मुलुकलाई अगाडी बढाउन सबैको सहकार्य आवश्यक छ ।"

# प्रतिनिधिसभा पुनर्स्थापनाको मागसहित एमाले आइतबार सर्वोच्च अदालत पुग्दै

काठमाडौं,०३ मंसिर ।




प्रतिनिधि सभा विघटनको विपक्षमा दृढतापूर्वक उभिएको नेकपा एमालेले सदनको पुनर्स्थापनाको मागसहित औपचारिक रूपमा सर्वोच्च अदालतमा रिट दायर गर्ने तयारी गरेको छ ।मंगलबार बसेको एमालेको विघटित संसदीय दलको बैठकले तत्कालीन प्रमुख सचेतक महेश बर्तौला र सचेतक सुनिता बराललाई रिट दर्ताका लागि अख्तियारी दिएको छ । सोही निर्णय अनुसार आवश्यक तयारी तथा कानुनविद्हरूसँगको छलफलपछि आइतबारसम्म रिट लिएर अदालत पुग्ने नेता बर्तौलाले जानकारी दिएका छन् । बर्तौलाका अनुसार, यो रिट कुनै व्यक्ति विशेषको नभई संसदीय दलको सर्वसम्मत निर्णयमा आधारित भएकाले निवेदकका रूपमा आफूहरू गए पनि यसले सिङ्गो एमालेका सबै ७९ जना सांसदहरूको प्रतिनिधित्व गर्नेछ । उनीहरूले दलको बैठकको निर्णयलाई नै मुख्य आधार बनाएर अघि बढ्ने तयारी गरेका छन् ।

यस रिटको अर्को महत्त्वपूर्ण पक्ष के छ भने, अध्यक्ष केपी ओली निकट स्रोतका अनुसार एमालेले रिटमा तत्काल अन्तरिम आदेशको माग गर्ने छैन । बरु, प्रतिनिधि सभा विघटनको विषयमा नियमित सुनुवाइको प्रक्रिया आरम्भ गरी फैसला गरियोस् भन्ने माग गरिने तयारी रहेको छ । भदौ २३ र २४ गतेको 'जेनजी आन्दोलन' पछि प्रधानमन्त्री बनेकी सुशीला कार्कीको सिफारिसमा भदौ २७ गते राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधि सभा विघटन गरेर आगामी फागुन २१ गतेका लागि निर्वाचनको मिति घोषणा गरेका थिए । एमालेले यो विघटनको विरुद्ध सबै राजनीतिक पार्टी, नागरिक समाज र पेसाकर्मीहरूलाई समेत उभिन आह्वान गरेको छ ।

# सर्वोच्चको अन्तरिम आदेशपछि मधेश प्रदेशमा राजनीतिक अन्योल

जनकपुर ,०३ मंसिर ।




मुख्यमन्त्री नियुक्ति विवादसँग जोडिएको रिटको सुनुवाइमा सर्वोच्च अदालतले दिएको अन्तरिम आदेशपछि मधेश प्रदेशको राजनीति फेरि अन्योलमा परेको छ । मंगलबार सर्वोच्चले मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवलाई मुद्दाको टुंगो नलागेसम्म नीतिगत तथा दीर्घकालीन प्रभाव पार्ने कुनै पनि निर्णय नगर्न आदेश दिएको थियो । आदेशपछि सिंहदरबारदेखि प्रदेश राजनीतिसम्म तरंग आएको छ । दुवै पक्ष 'जित्यो' भन्ने मनस्थिति अन्तरिम आदेशले मुख्यमन्त्री पदबाट हटाउन नखोजेको देखिएपछि एमाले-समर्थित मुख्यमन्त्री यादव पक्षमध्ये खुसी छाएको छ । सामाजिक सञ्जालमा उनीहरू "मुख्यमन्त्री सुरक्षित" भन्दै बधाई सन्देश आदान-प्रदान गरिरहेका छन् । त्यस्तै विपक्षी–जसमा जितेन्द्र सोनल नेतृत्वको समूहअन्तर्गत सात दल छन्–उनीहरूले पनि आफैँलाई "जितिएको" ठानेका छन् । अदालतले नीतिगत निर्णय रोक्दा सरकार कमजोर भएको ठान्दै विपक्षी दलले विश्वासको मत प्रक्रियामा आफूहरूको समर्थन नहुने स्पष्ट संकेत दिएका छन् । मधेश प्रदेशका जसपा सांसद तथा सचेतक राम अशिष यादवले भने, "अब मुख्यमन्त्रीले विश्वासको मत लिन प्रदेशसभा आउँदा हामी पूर्ण जवाफ दिन तयार छौं ।" मुद्दा अब मंसिर ११ मा पूर्ण इजलासमा सर्वोच्चका न्यायाधीश डा. नहकुल सुवेदी र सुनिलकुमार पोखरेलको इजलासले अन्तरिम आदेश जारी गर्दै मंसिर ११ गते मुद्दाको अन्तिम सुनुवाइका लागि पूर्ण इजलासमा पेश गर्ने निर्णय गरेको छ । यो आदेश मुद्दा टुंगो नभएसम्म लागु रहनेछ । ७४ सांसदको रिटपछि उत्पन्न विवाद मुख्यमन्त्री यादवको नियुक्ति संविधानसम्बत नभएको दाबी गर्दै सात दलका ७४ जना सांसदले सर्वोच्चमा रिट दायर गरेका थिए । यही रिटकै आधारमा प्रदेशको राजनीतिक दिशानिर्देश फिलहाल अदालतका आदेशमा सीमित भएको छ ।

# मधेस प्रदेश सभामुखविरुद्ध अविश्वास प्रस्तावमा "ह्विप", ७ दिनभित्र प्रक्रिया अघि बढ्छ : सरोज यादव



जनकपुर ,०३ मंसिर ।

जनता समाजवादी पार्टी (जसपा) नेपालका मधेस प्रदेश संसदीय दलका नेता सरोजकुमार यादवले प्रदेश सभाका सभामुख रामचन्द्र मण्डलविरुद्ध दर्ता भएको अविश्वास प्रस्तावमा पार्टीको ह्विप लाग्ने र ७ दिनभित्र प्रक्रिया अघि बढ्ने बताएका छन् । बुधबार सञ्चारकर्मीसँग कुरा गर्दै यादवले भने, "यसमा दलीय ह्विप किन लाग्दैन? जुनसुकै भोटिङमा पनि दलीय ह्विप लाग्छ ।"उनका

बाँकी तेश्रो पृष्ठमा⇨

# जनकपुरधाममा विवाहपञ्चमी महोत्सवको अन्तिम तयारी पूरा



जनकपुर ,०३ मंसिर ।

प्राचीन मिथिलाको राजधानी जनकपुरधाममा भोलिदेखि सुरु हुने सीताराम विवाहपञ्चमी महोत्सवका सबै तयारीहरू अन्तिम चरणमा पुगेका छन् । हरेक वर्षजस्तै यसपटक पनि सप्ताहव्यापी महोत्सव

बाँकी तेश्रो पृष्ठमा⇨

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा